संक्षिप्त पत्र

# जलवायु परिवर्तन र लैंगिक मुद्दा : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भको अवलोकन

मंसिर २०७५

## पृष्ठभूमि

जलवायु परिवर्तन यसका क्रमिक तथा विनासकारी प्रभावका कारण २१ औं शताब्दीकै एक महत्वपूर्ण चुनौती बनेको छ । साधारणतया जलवायु परिवर्तन केवल वैज्ञानिक तथा प्राविधिक विषय मात्र हो भन्ने आम बुझाइ छ। जबकि यसले प्रशस्त मात्रामा सामाजिक तथा आर्थिक प्रभाव पनि पारिरहेको छ । वास्तवमा जैविक-भौतिक (जलवायु) तथा सामाजिक-आर्थिक (गैर-जलवायु) दुवै यस्ता कारक तत्व हुन् जसले जलवायु परिवर्तनका जोखिम तथा संकटासन्नता निर्धारण गरेको हुन्छ । लिंग, वर्ग, जाति, आयआर्जन लगायतका गैर-जलवायु कारक तत्वले जलवायु परिवर्तनको जोखिम कसले कति व्योहर्छ र को कति संकटासन्न छ भन्ने कुरा निर्धारण गर्दछ । जलवायु परिवर्तनको सम्भावित जोखिम तथा प्रभाव भिन्न-भिन्न मानिस तथा समुदायमा फरक फरक ढंगले पर्दछ । व्यक्ति तथा समुदायको विविध भूमिका तथा सामाजिक, आर्थिकस्तर अनुसार जोखिमअन्तर तथा संकटासन्नता पनि भिन्न- भिन्न हुने हुँदा प्रभाव पनि फरक फरक पर्न जान्छ । त्यसकारण, जलवायु परिवर्तनका जोखिम र संकटासन्नता बारे थाहा पाउन यस्ता सामाजिक सम्बन्ध तथा यस अनुसारको फरक प्रभावलाई बुझ्न अत्यन्तै महत्वपूर्ण हुन्छ ।[i]

माथि उल्लेख भएका सामाजिक-आर्थिक कारकहरुले फरक फरक जोखिमलाई निम्त्याइ रहेको हुन्छ । यसले पुरुषहरुको तुलनामा महिलाहरुले प्रभावको मार बढी खेपिरहेका हुन्छन् । गरीबी, सामाजिक मूल्य मान्यता र स्रोतहरुको अभावका कारण महिलाहरु नै जलवायु परिवर्तनका प्रभावसँग जुध्न सकिरहेका हुँदैनन् । यसले के पुष्टि गर्छ भने जलवायु परिवर्तनका प्रभावहरु लैंगिक दृष्टिले तटस्थ हुँदैनन्[ii] र विभिन्न सामाजिक भूमिका, सांस्कृतिक प्रचलन, लैंगिक आधारमा हुने श्रमको विभाजन, परम्परागत प्रथा, शक्ति संरचना र विद्यमान असमानताका कारण,[iii] जलवायु परिवर्तनका प्रभावले पुरुषलाई भन्दा महिलाहरुलाई बढी जोखिममा पारिरहेको हुन्छ । यसबाट लैंगिक आधारमा जोखिम तथा संकटासन्नता पहिचान गरी लैंगिकता केन्द्रित जोखिम तथा संकटासन्नताको विश्लेषण गर्न जरुरी देखिन्छ ।[iv]

प्राकृतिक स्रोतका आधारहरु जलवायु संवेदनशील हुन्छन् । यी स्रोतमा आधारित हुने समुदाय स्वभाविक रुपमा जलवायु परिवर्तनका प्रभावहरु प्रति बढी संवेदनशील हुन्छन् । खासगरी विकासोन्मुख देशका महिलाहरु प्राकृतिक स्रोतमा अधिक निर्भर रहेका हुन्छन् भने विश्वका गरीब तथा स्रोतविहीन समुदायमा पनि तिनीहरु नै पर्दछन् । त्यसकारण जलवायु परिवर्तन प्रति महिलाहरुको जोखिम दुई तहको छः प्राकृतिक स्रोतहरुमा उनीहरुको निर्भरता तथा आर्थिक, भूमि, शिक्षा, सूचनालगायतका स्रोत साधनमा उनीहरुको पहुँच तथा नियन्त्रणको अभाव ।[v] जलवायु परिवर्तनका प्रभाव सम्बोधन गर्नका लागि आर्थिक स्रोत, सीप, ज्ञान तथा सूचनाहरु पूर्वसर्तका रुपमा रहेका छन्, जसको अभावमा समुदायका महिला तथा पुरुषले जलवायु परिवर्तनका प्रभावको सामना गर्न सक्दैनन् । विपन्न समुदायका महिलाले आवश्यक शिक्षा तथा सूचनाको अभावमा जलवायु परिवर्तनका प्रभावहरुसँग जुध्न नसक्ने हुँदा उनीहरु जलवायु परिवर्तनका प्रभावबाट बढी प्रभावित हुन्छन् । त्यसकारण, विद्यमान सामाजिक-आर्थिक आयामका तीन पाटाहरु जस्तैः जनसांख्यिक (लैंगिक, जातीय), आय (गरीबी), निर्णय-क्षमता र स्रोतमा पहुँच तथा नियन्त्रणले जलवायु परिवर्तनका जोखिम तथा संवेदनशीलता झेल्दै अघि बढ्ने क्षमतालाई प्रभाव पारिरहेको हुन्छ ।

नेपाल सरकारले लैंगिक समानतालाई विकासको एक महत्वपूर्ण स्तम्भका रुपमा पहिचान गरेको छ । यसलाई समावेशी, समतामूलक तथा दिगो विकासका लागि आवश्यक एक उद्देश्य तथा पूर्वसर्तका रुपमा पनि पहिचान गरिएको छ । विश्वव्यापी रुपमा स्वीकृत उद्देश्य तथा लक्ष्यका रुपका रहेको दिगो विकास लक्ष्य (Sustainable Development Goals – SDGs) ले लैंगिक समानतालाई आफैमा एक महत्वपूर्ण लक्ष्य हुनुका साथै अन्य लक्ष्यहरु प्राप्त गर्न पूर्वसर्तको रुपमा पहिचान गरेको छ ।[vi]यसैबीच, नेपाल सरकारले जलवायु परिवर्तनलाई सार्वजनिक नीतिसँग सम्बन्धित विषयका रुपमा लिँदै प्राथमिकतामा राखेको छ[vii]र लैंगिक समानता तथा जलवायु परिवर्तन दिगो विकास लक्ष्यका दुई प्रमुख लक्ष्यहरु हुन् जसलाई नेपाल सरकारले समर्थन गरेको छ ।[viii] त्यसैले, लैंगिक समानता तथा जलवायु उत्तशीलतालाई सरकारले सार्वजनिक नीतिका लक्ष्यका रुपमा लिएको छ ।



*Photo Credit : Prakriti Resources Centre*

**जलवायु परिवर्तनका प्रभाव सम्बोधन गर्नका लागि आर्थिक स्रोत, सीप, ज्ञान तथा सूचनाहरु पूर्वसर्तका रुपमा रहेका छन्, जसको अभावमा समुदायका महिला तथा पुरुषले जलवायु परिवर्तनका प्रभावको सामना गर्न सक्दैनन् ।**

यसै परिप्रेक्ष्यमा यस संक्षिप्त पत्रले जलवायु परिवर्तनका प्रभावलाई लैंगिक दृष्टिले हेरिनु पर्ने तर्क अघि सार्ने प्रयास गरेको छ। साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा लैंगिकता तथा जलवायु परिवर्तन संबन्धी नीतिगत वातावरण, विद्यमान कमी कमजोरी तथा अग्रगमनका उपायहरुमा प्रकाश पार्ने प्रयाश पनि यस पत्रले गरेको छ । संक्षिप्त पत्रले लैंगिक मूलप्रवाहीकरणलाई लैंगिक असमानातालाई संबोधन गर्ने प्रभावकारी औजारका रुपमा पनि प्रकाश पारेको छ। साथै, लैंगिक असमानता तथा जलवायु परिवर्तनका प्रभावलाई सामना गर्न लैंगिकमैत्री जलवायु वित्तको छलफललाई अघि बढाउनु पनि यसको उद्देश्य रहेको छ ।

## जलवायु परिवर्तन तथा लैंगिक सम्बन्ध

नेपालका दुर्गम क्षेत्रका समुदाय भूमि, वन तथा जल जस्ता प्राकृतिक स्रोतमा निर्भर छन् । रोजगारीका लागि पुरुषहरु ठूलो संख्यामा थातथलोबाट बाहिरिँदा प्राकृतिक स्रोत संरक्षणको जिम्मा पनि महिलाकै काँधमा आइपरेको छ । एकातिर नेपालका अधिकांश महिलाहरु कृषिमा संलग्न[ix] छन् भने गरिबीको रेखामुनि रहेका ७० प्रतिशतभन्दा अधिक विपन्न समुदायमा पनि उनीहरु नै छन्। त्यसमाथि, लैंगिक आधारमा हुने सामाजिक-आर्थिक विभेदले गर्दा महिलाहरु न आफ्नो अधिकारको उपयोग गर्न सक्षम छन् न त स्रोतहरुको आफू अनुकूल प्रयोग गर्न नै सक्छन्।[x]साथै जल, जमिन लगायतका स्रोतहरुमा पहुँच र नियन्त्रणको अभाव तथा शिक्षा, सूचना, पहुँचहीनता तथा निर्णय प्रक्रियामा उनीहरुको सिमित उपस्थितिले महिलाहरु दोहोरो मारमा परिरहेका छन् । कृषिमा महिलाहरुको उच्च सहभागिता भए पनि सामाजिक संरचना कस्तो छ भने परिवारमा महिलाले अन्तिममा खाना खान पाउँछन्, जसले उनीहरुको स्वास्थ्यमा नकारात्मक असर परिरहेको हुन्छ भने खाद्यान्न अभाव भएको अवस्थामा उनीहरुले आवश्यक पोषण पनि प्राप्त गर्न सक्दैनन् ।[xi] अनुसन्धानले के देखाएको छ भने विपद्का समयमा अरुको तुलनामा महिला तथा बालबालिका चौध गुणा बढी प्रभावित हुन्छन् ।[xii]

**यो स्थितिले के प्रस्टयाउँछ भने लैंगिक असमानता महिलामाथि जलवायु परिवर्तनको असमान प्रभावको कारण र परिणाम दुवै हुने गर्छ ।**

जलवायु परिवर्तनले महिलालाई अधिक असमान अनुपातमा प्रभावित गर्ने काम गर्नुका साथै यसले विद्यमान लैंगिक असमानतालाई पनि बढावा दिन्छ। यो स्थितिले के प्रस्टयाउँछ भने लैंगिक असमानता महिलामाथि जलवायु परिवर्तनको असमान प्रभावको कारण र परिणाम दुवै हुने गर्छ। कृषि कार्यमा महिलाहरुको संलग्नताबाट यस कुरालाई थप प्रष्ट पार्न सकिन्छ। विद्यमान सामाजिक-आर्थिक भूमिकाले गर्दा एकातिर महिलाहरुलाई पुरुषको तुलनामा बढी समय कृषि कार्यमा संलग्न हुनु परिरहेको छ (पुरुषहरु रोगजागरीका लागि बाहिरिँदा झन् बढी) भने अर्कोतिर जलवायु परिवर्तनले गर्दा खडेरी, बाढी, महामारीका रुपमा फैलिने झारपात तथा बालीमा लाग्ने कीराहरुमा वृद्धि जस्ता कारणले, कृषि क्षेत्र बढी प्रभावित भइरहेको छ । जसले महिलाहरुको जीवन झन् झन् कठिन बन्दै गइरहेको छ। त्यसमाथि, आफ्नै क्षेत्रमा हुने कृषि कार्यालयमा उपलब्ध सूचना तथा स्रोतहरुमा समेत महिलाहरुको राम्रो पहुँच हुँदैन । यसले गर्दा उनीहरुले कृषि क्षेत्रमा भएको बढ्दो नकारात्मक प्रभावको सामना गर्न सक्दैनन्। परिवारमा जब कुनै कुराको निर्णय गर्नुपर्ने हुन्छ त्यस बेला पुरुषहरु नै हाबी हुने हुँदा आफूलाई प्रत्यक्ष रुपमा असर पर्ने विषयमा पनि महिलाहरुले निर्णय प्रक्रियामा सहभागी हुन नपाउने अवस्था देखिन्छ। यसले अन्ततः जलवायु परिवर्तनका प्रभाव सामना गर्ने महिलाहरुको क्षमतामा नै ह्रास आउन थाल्छ । यसर्थ महिलाहरुको कार्यभारमा वृद्धि, निर्णय प्रक्रियामा उनीहरुको न्यून प्रभाव तथा जलवायु परिवर्तनसँग सम्बन्धित समस्यालाई सम्बोधन गर्ने स्रोत तथा सूचनामा महिलाहरुको पहुँचमा कमी जस्ता कारणले जलवायु परिवर्तन उनीहरुका लागि झन् बढी जोखिमपूर्ण बन्दैछ ।

लैंगिक तथा जलवायु परिवर्तन बारेमा लेखिएका अधिकांश दस्तावेजहरुमा महिलाहरुलाई जलवायु परिवर्तनको जोखिममा परेका समूह[xiii] तथा परिवर्तनका संवाहकका रुपमा पनि पहिचान गरिएको छ ।[xiv] यद्यपि, उनीहरुलाई जोखिमपूर्ण समुदायबाट जोखिम सामना गर्ने क्षमता सम्पन्न समुदायमा रुपान्तरण गर्ने वा परिवर्तनका संवाहकका रुपमा निर्णायक पदमा उनीहरुको स्थान सुरक्षित गर्ने विषय चाहिँ उल्लेख भएको पाइँदैन ।[xv] साथै, लैंगिक तथा जलवायु परिवर्तनका सन्दर्भमा धेरै अध्ययनहरुले महिलालाई जलवायु परिवर्तनका प्रभाव 'पीडित' का रुपमा हेर्ने अवधारणाबाट मुक्त भई लैंगिकता तथा जलवायुसम्बन्धी छलफलले अधिकारमुखी दृष्टिकोणबाट महिलालाई परिवर्तनका संवाहकका रुपमा पहिचान तथा प्रस्तुत गर्नुपर्ने कुरामा जोड दिएका छन् ।[xvi]

जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्बन गर्दा यस्ता उपायहरु देशका नागरिक तथा प्रणालीको उत्थानशीलता बृद्धि गर्दै जलवायु परिवर्तनको जोखिमको सामना गर्ने क्षमता अभिबृद्धि गर्ने खालका हुनु पर्छ। व्यक्ति तथा समुदायको जोखिम तथा संवेदनशीलतालाई प्रभाव पार्ने एक महत्वपूर्ण तत्व लैंगिक आधार पनि हो । लैंगिकता तथा जलवायु परिवर्तनको सम्बन्धलाई आत्मसात गर्‍यौं भने उपयुक्त नीति तथा कार्यक्रम कार्यान्वयन गरी समुचित तथा प्रभावकारी परिणाम हासिल गर्न सकिन्छ । जलवायु परिवर्तनका प्रभाव सम्बोधन गर्ने उपाय अवलम्बन गर्दा लैंगिक आधारमा जोखिम विश्लेषण र सोही अनुरुपको जोखिम न्यूनीकरण पहल गरिएन भने अपेक्षित परिणाम हासिल नहुने तथा कार्यक्रम प्रभावकारी नहुने स्थिति आउँछ ।

## के हो लैंगिक मूलप्रवाहीकरण?

जलवायु परिवर्तनका प्रभावलाई लैंगिक दृष्टिले हेर्दा महिलाहरुमा असमान प्रभाव पर्ने गरेको पाइन्छ । यद्यपि जलवायु अनुकूलन तथा जलवायु परिवर्तनका प्रभाव सामना गर्ने क्षमता विकासका हरेक प्रयासको अग्रभागमा महिलाहरु हुनु महत्वपूर्ण छ । महिलाहरुले भोगिरहेका बढी जोखिमका स्थिति सुधारका लागि होस् वा उनीहरु परिवर्तनका संवाहकको भूमिका निर्वाह गर्न सक्षम हुनका लागि होस्, जलवायु अनुकूलन तथा जलवायु परिवर्तनका प्रभावको सामना गर्न सक्ने क्षमता विकासका प्रयासमा महिला, पुरुष दुवैको हित, चासो, चिन्ता प्रतिविम्बित हुनु

जरुरी छ । महिला तथा पुरुष दुवैको आवाज समावेश गरी महिलाहरुको विषेश आवश्यकताहरु प्रतिबिम्बित हुने खालको उपयुक्त कानुन, नीति, कार्यक्रम तथा योजना निर्माण गरी तिनका हित सम्बोधन गर्ने गरी बजेटको व्यवस्था गरी त्यस्ता नीति, कार्यक्रम कार्यान्वयन गर्नु जलवायु परिवर्तनमा लैंगिक मूलप्रवाहीकरणको एउटा प्रमुख उद्देश्य हो । लैंगिक असमानतालाई सम्बोधन गर्ने यो एउटा नीतिगत औजार हो, जसद्वारा जलवायु परिवर्तनको सन्दर्भमा जलवायु परिवर्तनका प्रभावको सामना गर्ने क्षमता विकास गर्ने तथा लैंगिक न्याय स्थापित गर्ने दुवै लक्ष्य हासिल गर्न सकिन्छ। तसर्थ, जलवायु परिवर्तनलाई सम्बोधन गर्ने क्रममा लैगिक मूलप्रवाहीकरणले नीति, कार्यक्रम तथा तिनको कार्यान्वयन तथा स्रोत साधनको उपयोगको केन्द्रमा महिलाका हित संरक्षणलाई राखी अघि बढ्न ठूलो बल पु¥याउँछ। यसले जलवायु अनुकूलन कार्यक्रममा प्रभावकारिता तथा समताका लागि लैंगिक मूलप्रवाहीकरणको महत्वलाई प्रष्ट्याउँछ ।

सरकारले लैंगिक मूलप्रवाहीकरणलाई रणनीतिक औजारका रुपमा अपनाएर राष्ट्का विविध क्षेत्रमा विद्यमान लैंगिक असमानतालाई सम्बोधन गर्ने प्रयास थालेको छ । अर्थ मन्त्रालयले औपचारिक रुपमै सन् २००७-२००८ देखि लैंगिक मैत्री बजेटलाई कार्यान्वयनमा ल्याएको छ। यसो गर्नुको उद्देश्य सार्वजनिक स्रोतको वितरण तथा सरकारी बजेट विनियोजन गर्दा र अन्य निर्णय प्रक्रियामा लैंगिक समानता सुनिश्चित गर्नु हो । जलवायु परिवर्तनका सन्दर्भमा मूलप्रवाहीकरणका प्रयासहरुमा अन्तर्राष्ट्रिय स्तरमा पनि यस्तै प्रयासको थालनी भएको पाइन्छ । उदाहरणका लागि जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धीका म्यानडेट तथा निर्णयहरुमा पनि लैंगिकतालाई महत्वका साथ समावेस गरिएको छ । साथै विश्व वातावरणीय सहुलियत (Global Environment Facility) हरित जलवायु कोष (Green Climate Fund) र स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism) ले पनि लैंगिकतालाई महत्व दिएको छन् ।

## विश्वव्यापी नीतिगत तहमा लैंगिकता

जलवायु परिवर्तन सम्बन्धि नीति तथा कार्यक्रममा लैंगिक मूलप्रवाहीकरणको मुद्दा उठ्नुभन्दा धेरै अघि सन् १९९५ को The Beijing Declaration and Plantform for Action मै यस्तो एउटा अन्तराष्ट्रिय घोषणा थियो जसले लैंगिक समानता तथा जलवायु परिवर्तन बीचको सम्वन्धलाई पहिचान गर्दै बाह्र अति महत्वपूर्ण चासोका क्षेत्रमा महिला तथा वातावरणलाई समावेस गऱ्यो ।[xvii] यसै घोषणा अनुसार जलवायु परिवर्तनसँग सम्बन्धित नीति तथा अन्य प्रयासमा लैंगिक असमानतालाई सम्बोधन गर्दै विश्वमा जलवायु परिवर्तनसँग सम्बन्धित क्रियाकलापमा महिला सशक्तीकरणलाई समावेश गर्न तीन रणनीतिक कार्य योजना तय गरिएको छ । नेपालले लैंगिक समानतालाई प्रबर्द्धन गर्नुका साथै सबै क्षेत्रमा महिलाहरुलाई समान अवसर उपलब्ध गराउने तथा विषेश लैंगिक मूलप्रवाहीकरण रणनीति तथा कार्ययोजना मार्फत महिलाको सामाजिक वञ्चितीकरणलाई सम्बोधन गर्ने नीति तय गरेको छ । The Beijing Declaration and Plantform for Action रणनीतिक कार्ययोजना अनुरुप तत्कालीन विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले 'घरभित्रको वायुको गुणस्तर राष्ट्रिय मापदण्ड र कार्यान्वयन निर्देशिका' लागू गरेको थियो । यस राष्ट्रिय मापदण्ड र कार्यान्वयन निर्देशिकाले घरमा लैंगिकमैत्री वातावरण बनाउन सुधारिएको चुल्हो, उज्यालोको लागि प्रकाशको व्यवस्था, उपयुक्त भेन्टिलेसनको व्यवस्था, ऊर्जाको छनोट तथा प्रयोग, घरभित्रको मानवीय व्यवहारमा सुधार आदिका लागि जोड दिएको छ । यसका साथै मन्त्रालयले 'जलवायु परिवर्तन नीति २०११' पनि लागू गरेको छ भने हाल जलवायु परिवर्तन तथा लैंगिक रणनीति र कार्य योजनाको तयारीको लागि गृहकार्य गरिरहेको छ । साथै, कृषि मन्त्रालयले दीर्घकालीन कृषि विकास रणनीतिको विकास गरेको छ जसले लैंगिक मूलप्रवाहीकरणलाई एउटा मुख्य रणनीतिको रुपमा अंगिकार गरेको छ ।[xviii]

## जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धीमा लैंगिक असमानताका मुद्दा

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी अन्तगर्त हुँदै आएका वार्ता, छलफल र निर्णयमा पनि लैंगिक विषयको उठानमा विस्तारै बृद्धि हुँदैछ । सन् २००१ मा उक्त महासन्धीले सर्वप्रथम "लैंगिक समानता"लाई महत्व दिँदै यस अर्न्तगतका वार्ताहरुमा महिला सहभागिता बढाउँदै जाने उद्देश्य लिएको थियो। सन् २००५ मा गरिएको एक अध्ययनमा[xiv] जुन मुलुकको राष्ट्रिय व्यवस्थापिकामा महिला सदस्यको संख्या अधिक छ त्यहाँ वातावरण सम्बन्धी सम्झौताहरु पारित हुने सम्भावना उच्च रहेको उल्लेख छ। सन् २०१४ को पक्ष राष्ट्रहरुको २० औं सम्मेलनले लैंगिकता संबन्धि लिमा कार्य योजना (Lima Work Programm on Gender) ले महासंधिअन्तर्गत हुने वार्ताका सबै पक्षमा लैंगिक उत्तरदायी (Gender Resposive) जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यदेश (Mandates) कार्यान्वयनलाई सघाउ पु¥याएको छ।

जलवायु परिवर्तन सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धीअन्तर्गत सन् २०१५ को पक्ष राष्ट्रहरुको २१ औं सम्मेलनमा अंगीकार गरिएको पेरिस सम्झौता लैंगिक समावेशी तर्फको एउटा कोसेढुंगा मानिन्छ । उक्त महासन्धीमा क्षमता अभिवृद्धि तथा अनुकूलन संबन्धि कुनै पनि कृयाकलाप पेरिस सम्झौताले लैंगिक उत्तरदायी तथा सहभागितामूलक हुनु पर्ने कुरालाई जोड दिएको छ । पेरिस सम्झौता अनुसार सदस्य राष्ट्रहरुले 'राष्ट्रिय तहमा तय गरिएको योगदान' को दस्तवेज पेश गरेका छन् । सन् २०१६ को एक अध्ययन प्रतिवेदन अनुसार सन् २०१६ को अप्रिलसम्ममा एक सय ६१ राष्ट्रले 'राष्ट्रिय तहमा तय गरिएको योगदान' सम्वन्धि दस्तावेज पेश गरिसकेका छन्[xx] । त्यसरी पेश गर्ने एक सय ६१ राष्ट्रमध्ये ५६ राष्ट्रले मात्र महिला

**यसका साथै मन्त्रालयले 'जलवायु परिवर्तन नीति २०११' पनि लागू गरेको छ भने हाल जलवायु परिवर्तन तथा लैंगिक रणनीति र कार्य यो जनाको तयारीको लागि गृहकार्य गरिरहेको छ ।**

तथा लैंगिक समानतालाई उल्लेख गरेका छन् । सन् २०१६ को एक अनुसन्धान अनुसार महिला तथा लैंगिक समानताको सन्दर्भमा २७ राष्ट्रले अनुकूलनको, १२ राष्ट्रले न्यूनीकरणको, ९ राष्ट्रले विश्वव्यापी प्रतिबद्धताको कार्यान्व्यन, ५ राष्ट्रले क्षमता निर्माण बुँदा उल्लेख गरेका २२ राष्ट्रले हरेक क्षेत्रमा लैंगिकता समावेस गरिने भनेका छन्[xxi]। यसबाट के प्रष्ट हुन्छ भने अधिकतर 'राष्ट्रिय तहमा तय गरिएको योगदान'मा सबै जलवायु परिवर्तन संबन्धि कार्य, नीति तथा रणनीतिमा लैंगिक विषयलाई सामान्य स्थान दिने व्यवस्था गरेका छन्। लाइवेरिया र पेरुले मात्र राष्ट्रिय रुपमा तय गरिएको योगदानमा प्रष्ट रुपमा लैंगिक विषयलाई जलवायु परिवर्तन सम्बन्धी नीति, कार्यक्रम र क्रियाकलापहरुमा समावेश गर्ने कुरा उल्लेख गरेका छन्। नेपालको सन्दर्भमा भने राष्ट्रिय रुपमा तय गरिएको योगदानले महिलाहरुलाई "जोखिमपूर्ण समूह"का रुपमा उल्लेख गरेको छ र लैंगिक विषयलाई जलवायु परिवर्तनसँग सम्बन्धी रणनीति तथा नीतिमा सामान्य रुपमा समावेश गर्ने तय गरेको छ ।

बारेमा त कुनै कार्यदेश जारी भएको छैन। तसर्थ, यसबाट के बुझिन्छ भने जलवायु परिवर्तनले महिलालाई प्रभाव पार्ने सन्दर्भमा मात्र लैंगिकता उल्लेख भएको पाइन्छ । उनीहरुलाई 'जोखिमपूर्ण समूह'का रुपमा मात्रै वर्गिकृत गरिएको छ । परिवर्तनको संवाहकको भूमिकामा महिलालाई संलग्न गराउन त बाँकी नै छ ।

## लैंगिक विषय र हरित जलवायु कोष

हरित जलवायु कोष एउटा प्रमुख वित्तीय निकाय हो जसले लैंगिक मूलप्रवाहीकरणलाई प्रभावकारी रुपमा अघि बढाउन भूमिका निर्वाह गरेको छ । यसका लागि कोषले आफूलाई प्राप्त हुने लगानी प्रस्तावमा लैंगिक विषयलाई लगानी गर्ने वा नगर्ने बारे निर्णयको एउटा महत्वपूर्ण मानकको रुपमा लिएको छ। कोषले लैंगिक समानता अन्तर्गत कर्मचारी र बोर्डमा पनि लैंगिक सन्तुलनलाई आत्मसात् गरेको छ । उदाहरणको

| वर्ष | जलवायु परिवर्तन सम्बन्धि संयुक्त राष्ट्र संघीय महासन्धिमा लैंगिक समानता |
|---|---|
| २००१ पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) ७ | लैंगिक समानता तथा महिला सहभागिता प्रवर्द्धन गर्न पहिलो एकल निर्णय सम्पन्न । राष्ट्रिय अनुकूलन कार्यक्रममा यसले लैंगिक समानतालाई मार्गनिर्देशक सिद्धान्त मानेको छ । |
| २०१० पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) १६ | क्यानकुन सम्झौता अन्तर्गत भएको अनुकूलन, रेड प्लस (REDD+) तथा क्षमता अभिवृद्धि सम्बन्धि निर्णयमा लैंगिक समानताका सन्दर्भ उल्लेख छ। सोही संझौताको "साझा अवधारणा"मा जलवायु कार्यक्रमका सबै पक्षमा अन्य विषयसरह लैंगिक समानताको पनि उल्लेख छ । |
| २०११ पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) १७ | पक्ष राष्ट्रहरुको यस सम्मेलनले हरित जलवायु कोष(Green Climate Fund) तथा Climate Technology Centre and Network (CTCN)का सन्दर्भमा लैंगिक विषय सहित वित्तीय तथा प्राविधिक विषयमा निर्णय गरेको छ । |
| २०१२ पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) १८ | लैंगिक समानता तथा महिला सहभागिता प्रवर्द्धन गर्न दोस्रो एकल निर्णय गरी लैंगिकता विषय पक्ष राष्ट्रहरुको बैठकको स्थायी अजेन्डा निर्धारण । |
| २०१३ पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) १९ | भिन्नै लैंगिक तथ्यांक संकलनका लागि वार्सा अन्तर्राष्ट्रिय संयन्त्र (The Warsaw Intenrational Mechanism) लागू । |
| २०१४ पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) २० | लैंगिक सन्तुलनको थप अभिबृद्धि गर्न तथा लैंगिक उत्तरदायी जलवायु नीति संबन्धि ज्ञान तथा क्षमता अधिवृद्धि गर्न दुई वर्षे "Lima Work Programm on Gender" को कार्यान्वयन । |
| २०१५ पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) २१ | पेरिस सम्झौताको प्रस्तावना तथा सन्दर्भमा अनुकूलन तथा क्षमता अभिवृद्धिमा लैंगिक समानताको उल्लेख । |
| २०१६ पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) २२ | लिमा कार्य योजनाको समयावधि तीन वर्षका लागि थप । |
| २०१७ पक्ष राष्ट्रहरुको सम्मेलन (कोप) २३ | दुई वर्षे लैंगिक कार्य योजनाको कार्यान्वयन । |

**स्रोत:** *Burn.B(2017). Pocket Guide to Gender Equality Under The UNFCC.ecbi.*

**हरित जलवायु कोष एउटा प्रमुख वित्तीय निकाय हो जसले लैंगिक मूलप्रवाहीकरणलाई प्रभावकारी रुपमा अघि बढाउन भूमिका निर्वाह गरेको छ ।**

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धीको पक्ष राष्ट्रहरुको २३ औं सम्मेलनले पहिलो पटक सन् २०१७ मा लैंगिक कार्ययोजनालाई अंगीकार गरेको हो। यस कार्ययोजनाले लैंगिक उत्तरदायी जलवायु परिवर्तन नीति, अनुकूलन तथा न्यूनीकरण क्रियाकलाप, जलवायु वित्त, क्षमता निर्माण तथा प्रविधि विकास तथा प्रसार क्षेत्रीय, राष्ट्रिय तथा स्थानीय तहमा सुनिश्चित गर्नुपर्ने आवश्यकतालाई अंगीकार गरेको छ । यद्यपि, सो महासन्धीका लैंगिकता सम्बन्धी अधिकांश निर्णय यसका अवधारणात्मक क्षेत्र (अनुकूलन, न्यूनीकरण, वित्त, प्रविधि तथा क्षमता निर्माण) मध्ये केवल अनुकूलन क्षमता अभिवृद्धिसँग सम्बन्धित छ। न्यूनीकरण, वित्त तथा प्रविधि क्षेत्रमा भने लैंगिकतालाई अति कम स्थान दिइएको छ । जलवायु परिवर्तनका प्रभाव न्यूनीकरणमा लैंगिक संवेदनशीलता

लागि हरित जलवायु कोषको १२ औं बोर्ड मिटिङबाट १६ औं बोर्ड मिटिङसम्म आइपुग्दा पुरुष र महिलाको प्रतिनिधित्वको अनुपात ७९:२१ बाट ५७:४३ मा आइपुगेको छ[xxii]। हरित जलवायु कोषले संयुक्त राष्ट्र संघको सहकार्यमा लैंगिकता तथा जलवायु वित्तको लागि एउटा निर्देशिका नै तयार गरेको छ ।

मार्च २०१५ मा अंगीकार गरिएको हरित जलवायु कोषको लैंगिक उत्तरदायी दृष्टिकोण (Gender-Responsive Approch) प्रयासलाई कोषको अन्तरिम लैंगिक नीति तथा कार्य योजना (Gender Policy and Action Plan) ले समेटेको छ । हरित जलवायु कोषको लैंगिक उत्तरदायी दृष्टिकोण मुताबिक कोषको लैंगिकता

संबन्धि योजना (२०१५–२०१७)ले कोष संचालन गर्दा उक्त योजनाका ६ सिद्धान्तलाइ व्यवहारमा उतार्ने ठोस कार्यहरु प्रस्ताव गरेको छ। हाल यस नीतिको पुनरावलोकन हुँदैछ। साथै 'लैंगिक समानता तथा सामाजिक समावेसीकरण नीति तथा कार्ययोजनाको मस्यौदा पनि तयार गरिएको छ। यस नयाँ लैंगिक नीतिको लक्ष्य क) जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अनुकूलन कार्यमार्फत लैंगिक समानता तथा महिला सशक्तीकरण अभिवृद्धि र ख) लैंगिकताका कारण हुने जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन सम्बन्धि क्रियाकलापमा महिला अधिकारको रक्षा गर्नु रहेको छ[xxiii]।

हरित जलवायु कोषको नियम अनुसार जलवायु संबन्धि योजना तथा कार्यक्रमहरुको निर्माण, कार्यान्वयन तथा अनुगमनमा अनिवार्य रुपमा लैंगिक दृष्टिकोण समावेश गरिनु पर्ने भए तापनि, यसको कार्यान्वयनमा अझै चुनौतीहरु रहेका छन्। सन् २०१७ को एक अध्ययनले के देखाएको छ भने जलवायु संबन्धि नीति तथा कृयाकलापमा लैंगिक समनता सुनिश्चित गर्नु अनिवार्य शर्त भएता पनि राष्ट्रिय कार्यक्रम तहमा लैंगिकतालाई पाखा लगाइएको वा अति कम महत्व दिइएको छ[xxiv]।

| हरित जलवायु कोषको लैंगिक नीतिका सद्धान्त |
|---|
| क. लैंगिक समानाता तथा निष्पक्षता प्रतिको प्रतिबद्धता |
| ख. कोषको हरेक कृयाकलापमा समाबेशिताको अबलम्बन |
| ग. लैंगिकता तथा जलवायु परिवर्तनका परिणाम तथा प्रभावप्रति जवाहदेहिता |
| घ. राष्ट्रिय नीति तथा प्राथमिकतासँग मेल खाने हुनुका साथै सरोकारवालाहरुको समावेसी साझेदार सहभागिताको सुनिश्चता मार्फत राष्ट्रिय स्वामित्व कायम हुनुपर्ने |
| ङ. कोषको संस्थागत प्रकृर्ति सुहाउँदो सीप र दक्षता हुनुपर्ने |
| च. अनुकूलन तथा न्यूनीकरण गतिविधिमा महिला तथा पुरुषलाई समान लाभका लागि स्रोतहरुको समानुपातिक वितरण |

**स्रोतः** *https://www.greenclimate.fund/how-we-work/mainstream-ing-gender/gender-action-in-practice*

## राष्ट्रिय परिप्रेक्ष्यमा जलवायु परिवर्तन र लैंगिक सवाल

नेपाल हाल संघीय संविधान कार्यान्वयनको प्रक्रियामा रहेको छ। संघीय संविधान अनुसार प्रादेशिक सरकारले स्थानीय तहलाई आवश्यक कानुन बनाउने अधिकार दिए अनुसार नयाँ कानूनहरु बन्ने क्रममा छन्। यस व्यवस्थाले स्थानीय, प्रादेशिक र संघीय तीन तहलाई नेपालले अनुमोदन गरेका अन्तराष्ट्रिय संझौतासँग मेल खाने गरी नीति, कानून निर्माण गरी निष्दृष्ट लक्ष्य प्राप्तिका लागि एकजुट भएर कार्य गर्ने अवसर दिएको छ। यसो गरेमा दिगो विकास लक्ष्य, विपद् जोखिम न्यूनीकरणका लागि 'सेन्डाइ खाका' (Sendai Framework) तथा पेरिस सम्झौता कार्यान्वयनमा सहयोग पुग्नेछ। साथै नेपालको संविधानले लैंगिक समानता तथा न्यायको प्रत्याभूत गरेको छ[xxv]। त्यसै अनुरुप नेपाल सरकारले लैंगिक समानता तथा महिला सशक्तीकरणलाई समावेशी विकासको एक महत्वपूर्ण कारकको रुपमा पहिचान गरेको छ। राष्ट्रिय आवधिक तथा क्षेत्रीय योजनाहरुमा लैंगिक उत्तरदायी बजेट कोड तथा सबै क्षेत्रीय मन्त्रालयहरुमा लैंगिक सम्पर्क व्यक्तिको पदको व्यवस्था गर्ने प्रयासले नेपाल सरकारले उक्त विषयलाइ प्राथमिकता प्रदान गरेको देखिन्छ। यस्ता प्रयासका वावजुत देशमा लैंगिक असमानता एक सामाजिक आर्थिक तथा मानव अधिकार चुनौतीका रुपमा विद्यमान रहेको छ। यस बीच के अत्यावश्यक देखिन्छ भने प्रादेशिक र स्थानीय सरकार जसले स्वायत्त रुपमा कानुन निर्माण तथा कार्यान्वयनको अधिकार पाएका छन् तिनले पनि लैंगिक समानताका लागि कानुन तथा नीति निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ। जसबाट राष्ट्रले जलवायु परिवर्तन लगायतका विषयमा गरेको विश्यव्यापी प्रतिबद्धताहरुमा प्रभावकारी योगदान पुगोस्।

हालको संघीय संचरना अनुसार देशले जलवायु परिवर्तनसँग सम्बन्धित विद्यमान कानुन, नीति तथा संयन्त्रलाई पुनरावलोकन गर्ने एउटा अवसर पाएको छ। जसबाट विद्यमान कमीकमजोरीलाई हटाउन सकिने तथा प्रादेशिक तथा स्थानीय सरकारलाई जलवायु परिवर्तनका क्रियाकलापमा लैंगिक विषयहरु समाहित हुने गरी नीति तथा कानुन निर्माणमा प्रोत्साहित गर्न सकिन्छ। राष्ट्रिय लैंगिकता केन्द्रित उद्देश्य स्थापित गर्न तथा जलवायु परिवर्तन खाका तयार पार्न सरकारलाई यो एउटा अवसर पनि हो। जलवायु परिवर्तन तथा लैंगिक मूलप्रवाहीकरण एउटा प्रक्रियामा आधारित सुशासनको मुद्दा भएकाले पनि निदृष्टि लक्ष्य प्राप्तीका लागि निरन्तर तथा दिगो लगावको आवश्यकता पर्दछ।

नेपालले सन् २०११ मा राष्ट्रिय जलवायु परिवर्तन नीति तयार गरेको छ। यस नीतिले स्पष्ट रुपमा नेपाल जलवायु परिवर्तनबाट असमानरुपमा जोखिमपूर्ण अवस्थामा रहेको किटान गरेको छ। यस नीतिले जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरुको कार्यान्वयनमा महिलाको सहभागितालाई जोड दिएको छ[xxvi]। यो नीति लैंगिकता केन्द्रित जलवायु जोखिम तथा आवश्यकताप्रति मौन भए तापनि जलवायु परिवर्तनसम्बन्धि कार्यक्रमहरुको कार्यान्वयनमा महिलाको संलग्नतालाई महत्वका साथ हेरिएको छ[xxvii]। यसबाट के पुष्टि हुन्छ भने यस नीतिले महिलालाई 'संकटासन्न समुदाय'को रुपमा स्वीकार गरेको छ र प्रभावितलाई सबल बनाउन महिलाको भूमिकालाई महत्वपूर्ण मानेको छ।

राष्ट्रिय अनुकुलन कार्यक्रम (National Adaptation Programme of Action)[xxviii] र राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plans) ले लैंगिकतालाई वहुप्रभावी विषय भनि पहिचान गरेको छ। राष्ट्रिय अनुकूलन कार्यक्रम[xxix] ले जलवायु परिवर्तनका लैंगिक रुपमा असमान प्रभावलाई पहिचान गर्नुका साथै प्राथमिकता प्राप्त अनुकुलन योजनामा विशेष ध्यान दिएको छ। साथै, विद्यमान जोखिम एवं संकटासन्नता मूल्यांकन खाकामा रहेको कमीकमजोरीलाई आत्मसात् गर्दै राष्ट्रिय अनुकूलन योजनाले जोखिम एवं संकटासन्नता मूल्यांकन खाकामा छुट्टै लैंगिक विविधता सूचकांकको

हालको संघीय संचरना अनुसार देशले जलवायु परिवर्तनसँग सम्बन्धित विद्यमान कानुन, नीति तथा संयन्त्रलाई पुनरावलोकन गर्ने एउटा अवसर पाएको छ। जसबाट विद्यमान कमीकमजोरीलाई हटाउन सकिने तथा प्रादेशिक तथा स्थानीय सरकारलाई जलवायु परिवर्तनका क्रियाकलापमा लैंगिक विषयहरु समाहित हुने गरी नीति तथा कानुन निर्माणमा प्रोत्साहित गर्न सकिन्छ।

विकास गरेको छ। यसले लैंगिकमैत्री अनुकूलन कार्यक्रम एवं आयोजनाहरुलाई एउटा सबल आधार प्रदान गरेको छ।

यस बीच, नेपाल सरकारले जलवायु परिवर्तन तथा लैंगिक रणनीति तथा कार्ययोजना तयार गर्दैछ। त्यस रणनीतिको कार्यान्वयनले जलवायु परिवर्तन नीति तथा कार्यक्रममा लैंगिक मूलप्रवाहीकरणलाई थप टेवा पुऱ्याउने आशा गरिएको छ। यसबाट जलवायु परिवर्तन कार्यक्रममा लैंगिक उत्तरदायी प्रयासमा बल पुग्नेछ।

जलवायु परिवर्तनसँग सम्बन्धित विद्यमान नीति तथा योजनाले जलवायु परिवर्तनका कार्यक्रमहरुमा लैंगिकतालाई एक महत्वपूर्ण तत्वको रुपमा समावेस गरेको छ। त्यस्ता योजना तथा कार्यक्रमले लैंगिकताका कारण पर्ने जलवायु परिवर्तनका फरक-फरक प्रभावलाई मद्देनजर गर्दै सोही अनुरुप क्रियाकलाप तय गरेका छन्। यो अभ्यास धेरै हदमा लैंगिकता केन्द्रित आवश्यकता पूर्तिमा प्रभावकारी सिद्ध भएको छ। यद्यपि यी कार्यक्रम तथा योजना तर्जुमा प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता भने खट्किए कै छ। त्यसका साथै जलवायु परिवर्तन नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा महिलाका संस्थाहरुको सक्रिय सहभागिताको पनि अभाव देखिएको छ। प्रभावकारी लैंगिक उत्तरदायी जलवायु परिवर्तन कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यकारी तहमा मात्र सिमित नरही बजेट तयारी चरण तथा निगरानीमा पनि महिला समूह तथा तिनका संस्थाको सहभागिता अपरिहार्य देखिन्छ। यस विषयलाई नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (Nepal Climate Change Support Programme) को निम्न उदाहरणले प्रष्ट पार्दछ।

संवैधानिक रुपमा सुनिश्चित गरिएको अधिकारमा आधारित पहुँचका लागि सरकारी निकायमा महिला तथा पुरुषको समानुपातिक प्रतिनिधित्व र जवाफदेही सार्वजनिक खर्च तथा सुधारिएको लैंगिक समानतामा क्रमिक सुधार देखिएको छ[xxx]। संरचनात्मक रुपमा नै सामाजिक आर्थिक रुपमा पाखा लगाइँदा महिलाहरु झन् बढी जोखिम र संकटासन्न जीवन जिउन बाध्य छन्। सबै क्षेत्र तथा निकायमा महिलाहरुको प्रभावकारी र अर्थपूर्ण सहभागिताबिना कानुनमा अधिकारको उल्लेख गरेर मात्र अपेक्षित लैंगिक समानताका लक्ष्य हासिल हुन सक्दैन, त्यसका लागि आवश्यक पूर्वाधारको व्यवस्था पनि गर्नुपर्छ।

**संवैधानिक रुपमा सुनिश्चित गरिएको अधिकारमा आधारित पहुँचका लागि सरकारी निकायमा महिला तथा पुरुषको समानुपातिक प्रतिनिधित्व र जवाफदेही सार्वजनिक खर्च तथा सुधारिएको लैंगिक समानतामा क्रमिक सुधार देखिएको छ।**



*Photo Credit : Prakriti Resources Centre*

## लैंगिक आयाम : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम

**नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP 2013-2017) मा लैंगिक मूलप्रवाहीकरणका केही सन्दर्भ**

सरकारी संयन्त्र तथा व्यवस्था अनुसार कार्य गर्न नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमले जलवायु परिवर्तन अनुकूलनका कार्यक्रम स्थानीय तहमा लागू गर्न 'स्थानीय अनुकूलन कार्य योजना' विकास गर्ने लक्ष्य लिएको छ। स्थानीय अनुकूलन कार्य योजनाले पहिचान गरेको १४ जलवायु उच्च संकटासन्नता भोगिरहेका जिल्लामा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमले कार्यक्रम कार्यान्वयन गरिरहेको छ।

परियोजना खाका तथा प्रगति प्रतिवेदनमा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमका लागि लैंगिक विषय एक महत्वपूर्ण तत्व भएको देखिएको छ। लैंगिक धारणालाई उद्देश्य, कार्यक्रमको योगदान, कार्यान्वयन रणनीति तथा लक्षित समूहमा सुनिश्चित गरिएको छ। साथै, यसले संस्थागत संरचनामा लैंगिक समानता, लैंगिकता केन्द्रित तथ्यांक र मूल्यांकनको प्रावधन पनि राखेको छ। लैंगिकता केन्द्रित जोखिम मूल्यांकन, लैंगिकता विश्लेषण तथा परीक्षण, लैंगिक बजेट, लैंगिकता केन्द्रित मूल्यांकन तथा परिणाम मापदण्डको पनि व्यवस्था गरिएको छ।यस परिजयोजनामा लैंगिक विषयलाई महत्वपूर्णरुपमा लिए पनि लैंगिकता विशेष संकटासन्नता विश्लेषण, लैंगिक विश्लेषण, लैंगिक लेखाजोखा र लैंगिक अनुगमन तथा मुल्यांकन जस्ता विषयलाइ समावेश गरिएको छैन।

संकटासन्नता मूल्यांकन तथा महिला केन्द्रित कार्यक्रमलाई कार्यान्वयन तहमा प्राथमिकतामा राखिन्छ तर यो तबसम्म स्थायी प्रक्रियामा समावेस गरिन्न जबसम्म उसलाई परियोजना खाकामा समावेश गरिँदैन।

**लैंगिक दृष्टिले महिला प्रधिनिधित्व :** परियोजनाले उर्जा, वातावरण तथा जलवायु परिवर्तन जिल्ला समन्वय समिति मा १७ प्रतिशत (पदमा आधारित) तथा उर्जा, वातावरण तथा जलवायु परिवर्तन गाउँ समन्वय समितिमा ४८ प्रतिशत महिला प्रतिनिधित्व गराउने लक्ष्य लिएको छ।

**लाभग्राही तहमा निर्धारित लक्ष्य :** परियोजनाले घटीमा ५० प्रतिशत महिलालाई लाभान्वित समुहमा राखेको छ। सो लक्ष्यलाई सन् २०१७ मा ५१ प्रतिशत पुऱ्याइएको थियो। साथै, उर्जा, वातावरण तथा जलवायु परिवर्तन जिल्ला समन्वय समितिको निर्णय तहमा १७ प्रतिशत महिलाको उपस्थितिलाई निश्चित गर्ने र गाउँ समन्वय समितिमा ३८ प्रतिशत र समितिहरु अन्तर्गत कार्यकारी पदमा ४३ प्रतिशत महिला उपस्थिति पुऱ्याउने लक्ष्य छ।

**क्षमता अभिवृद्धि :** परियोजनाले जिल्ला समन्वय समिति तथा गाउँ समन्वय समिति सदस्यहरुलाई तालिममार्फत जलवायु परिवर्तनले महिलामाथि पर्ने असमान प्रभाव बारे अवगत गराउँदै मूलप्रवाहीकरण गर्न अनुकूलन योजनामा टेवा पुऱ्याउने छ। कूल ४,९४६ जिल्ला तथा गाउँ समन्वय समिति सदस्य (४३ प्रतिशत महिला)ले जलवायु परिवर्त अनुकुलनमा लैंगिकता र सामाजीक समावेशिता सम्बन्धि तालिम ग्रहण गरेका छन्।

**लक्षित कार्यक्रम :** परियोजनाअन्तर्गत महिला केन्द्रित कार्यक्रमले महिलाहरुको कार्यभार घटाउने, स्वच्छ पानी, ऊर्जा, कृषिका नवीन प्रविधिमा उनीहरुको पहुँच बढाउने लगायतका कार्य गर्छ।

**कार्यक्रमको उपलब्धि :** स्वच्छ खानेपानी तथा सरसफाइ, स्वच्छ ऊर्जा, नवीन कृषि प्रविधि, पहिले भन्दा राम्रो जीविकोपार्जन, अन्य गैरपरम्परागत जीविका जसमा सुधारिएको पानी घट्ट, सुधारिएको चुल्हो आदिमा महिलाहरुको पहुँचलाई केही प्रमुख उपलब्धिकारुपमा लिन सकिन्छ।

**लगानी :** डिएफआइडी (DFID), युरोपेली युनियन (EU) परियो जना अवधि (सन् २०१३-०१७)

**प्रविधिक सहयोगः** युनडीपी (UNDP)

**कार्यान्वयन गर्ने निकाय :** जनसंख्या तथा वातावरण मन्त्रालय, संघीय मामला तथा स्थानीय विकास मन्त्रालय, सम्बन्धित स्थानीय तह र वैकिल्पक उर्जा प्रवर्द्धन केन्द्र

**नीतिगत सम्पर्क :** राष्ट्रिय अनुकुलन कार्यकम, स्थानिय अनुकुलन कार्ययोजना, जलवायु परिवर्तन नीति, अद्यावधि योजना

**स्रोतः** *NCCSP. (2017). Annual Progress Report.Available at:http://www.np.undp.org/content/dam/nepal/docs/2018_undpnepal/UNDP_NP-NCCSP-APR-2017.pdf*

## निष्कर्ष तथा सुझाव

जलवायु परिवर्तनका अन्तर्राष्ट्रिय सम्झौताहरुमा महिलाका मुद्दालाई विषेश रुपमा लिन थालिएको छ । लैंगिक कार्य योजनाको स्वीकृतिसगैं सदस्य राष्ट्रहरुले लैंगिक विषयलाई जलवायु परिवर्तनका लागि संयुक्त राष्ट्र संघीय खाका महासन्धीको बहस (Negotitation) प्रकृयामा समावेस गर्ने प्रतिबद्दता व्यक्त गरेका छन् । हरित जलवायु कोष जस्ता अन्तर्राष्ट्रिय जलवायु वित्तीय औजारहरुले लैंगिक उत्तरदायी जलवायु परिवर्तन कार्यक्रम तथा परियोजनाका माध्यमबाट लैंगिक असमानतालाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । सदस्य राष्ट्रहरुले जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय तथा प्रादेशिक स्तरमा कानुनी प्रावधानका साथै संस्थागत तथा वित्तीय संयन्त्रका माध्यम मार्फत लैंगिकता केन्द्रित विषयलाई उठान गर्नुपर्ने बेला भएको छ । नेपालले जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय नीति, राष्ट्रिय अनुकूलन कार्यक्रम र राष्ट्रिय अनुकूलन योजना लागू गर्दै लैंगिकतालाई खास गरी अनुकूलन क्रियाकपालमा प्राथमिकताका साथ समावेस गरेको छ ।

लैंगिक उत्तरदायी जलवायु परिवर्तन सम्बन्धि कार्यक्रमका लागि लैंगिक मूलप्रवाहीकरण एउटा महत्वपूर्ण संयन्त्र हो । जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम तथा परियोजनाको तयारी गर्ने क्रममा कतिपय कार्यक्रम तथा परियोजानाहरुले लैंगिक मूलप्रवाहीकरणलाई अपनाएका छन् । यद्यपि, वर्तमान अभ्यास केलाउँदा के देखिएको छ भने महिला तथा तिनीहरुका संस्थाले जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम तथा परियोजना तयारीमा अर्थपूर्ण उपस्थिति जनाउन सकेका छैनन्, त्यसैले महिलाहरु “जोखिम समूह”का रुपमा मात्र रहेका छन् । विभिन्न परियोजनाकोतयारीका क्रममा महिलाहरुसँग छलफल त गरिएको हुन्छ तर निर्णय प्रक्रियामा भने उनीहरुको संलग्नतालाई स्वीकार गरिएको पाइँदैन । तसर्थ, सरकारले अपेक्षा गरेको लैंगिक समानताको भूमिका तथा लैंगिक केन्द्रित जलवायु जोखिमलाई सम्बोधन गर्न सोही अनुरुपको जलवायु सम्बन्धी कानुन, योजना, नीति, कार्यक्रम निर्माणका साथै अनुगमन तथा मूल्यांकन खाका महत्वपूर्ण देखिएको छ ।

जलवायु वित्तले नेपाल जस्ता विकासोन्मूख मुलुकहरुलाई लैंगिक असमानताका दीर्घकालीन समस्या तथा जलवायु परिवर्तन प्रभाव सम्बोधन गर्न एउटा अवसर प्रदान गरेको छ । जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम तथा परियोजनामा लैंगिक समानताका आधार सुनिश्चित गरी विभेदलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सम्बोधनका लागि मार्ग प्रसस्त गर्न सकिन्छ । लैंगिक उत्तरदायी जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम निकै महत्वपुर्ण हुन्छ किनकि यसले लैंगिक असमानता र जलवायु परिवर्तनका असर जस्ता दुई उद्देश्यहरुलाई सम्बोधन गर्न मद्दत पुरयाउछ ।

### सुझाव

- नेपालले लैंगिक प्रतिनिधित्वका लागि जलवायु परिवर्तन सम्बधी संयुक्त राष्ट्र संघीय लैंगिक कार्ययोजनालाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यसका लागि लैंगिक रणनीति विकास तथा कार्यान्वयन अपरिहार्य देखिन्छ ।
- विभिन्न महिला संस्थाहरु, वातावरणमा काम गर्ने संस्थाहरु र गैर सरकारी संस्थाहरुद्धारा परामर्श गरी तयार पारिएको जलवायु परिवर्तन लैंगिक रणनीति मस्यौदालाई नेपाल सरकारले अन्तिम रुप दिनुपर्ने देखिन्छ । यो रणनीतिले महिला तथा महिला अधिकारवादी संघ संस्थालाई अनुकूलनका क्षेत्रमा मात्र होइन जलवायु परिवर्तनका अनुकूलन, न्यूनीकरण, वित्त, प्रविधि तथा क्षमता अभिवृद्धि लगायतका क्षेत्रमा महिलालाई सहभागी गराएर जोखिमपूर्ण समूहबाट माथि उठाउन प्रयाशरत हुनु पर्दछ ।
- दातृ निकायले तथा नेपाल सरकारले जलवायु परियोजना प्रस्ताव तथा कार्यान्यन भएका कार्यक्रममा अनुगमन तथा समीक्षामा लैंगिक मूलप्रवाहीकरणलाई अनिवार्य बनाउनुपर्दछ । यी लक्षित उद्देश्यलाई यथार्थमा रुपान्तरण गर्न सरकारले जलवायु वित्तलाई लैंगिक मैत्री बनाउनु आवश्यक छ ।
- जलवायु परिवर्तन तथा जलवायु वित्तमा महिला तथा महिला अधिकारवादी संघसंस्थाका क्षमतालाई नीतिगत संवाद अभिवृद्धि गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाजका संगठनले पनि सहयोग गर्नुपर्छ ।

**लैंगिक उत्तरदायी जलवायु परिवर्तन सम्बन्धि कार्यक्रमका लागि लैंगिक मूलप्रवाहीकरण एउटा महत्वपूर्ण संयन्त्र हो । जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम तथा परियोजनाको तयारी गर्ने क्रममा कतिपय कार्यक्रम तथा परियोजानाहरुले लैंगिक मूलप्रवाहीकरणलाई अपनाएका छन् ।**

## ENDNOTES


[i] Houria,D et.al. 2016.Beyond dichotomies: Gender and Intersecting Inequalities in Climate Change Studies. Ambio 2016, 45(Suppl.3):S248-S262. Available at https://link.springer.com/article/10.1007/s13280-016-0825-2

[ii] MoALMC.(2018). Impact of Climate Finance in Agriculture on the Poor. MoALMC and UNDP Kathmandu. Available at http://www.np.undp.org/content/dam/nepal/docs/2018_undpnepal/UNDP_NP-Impact-of-Climate-Change-Finance-in-Agriculture-on-the-Poor.pdf

[iii] Petra,T. 2012. From Impacts to Embodied Experiences: Tracing Political Ecology in Climate Change Research .GeografiskTidkrift-Danish Journal of Geography, 112:2,144-158. Available at http://dx.doi.org/10.1080/00167223.2012.741889. See also DFID. 2008. Gender and Climate Change: Mapping the Linkages-A Scoping Study on Knowledge and Gaps. Available at http://www.bridge.ids.ac.uk/sites/bridge.ids.ac.uk/files/reports/Climate_Change_DFID.pdf

[iv] Fatma,D. 2002.Climate Change Vulnerability, Impacts, and Adaptation: Why Does Gender Matter? Available at https://www.tandfonline.com/doi/pdf/10.1080/13552070215903?needAccess=trueAlso see UN Women Watch. 2009. Women, Gender Equality and Climate Change." Available at http://www.wcdrr.org/wcdrrdata/uploads/854/Women_and_Climate_Change_Factsheet_UNWomenWatch.pdfAlso see. FAO, et.al. 2012. Gender and Climate Change Research in Agriculture and Food Security for Rural Development. Available at http://www.fao.org/docrep/015/md280e/md280e.pdf

[v] ADB/DFID et.al. (?).Poverty and Climate Change: Reducing Vulnerability of the Poor through Adaptation. Available at http://www.oecd.org/env/cc/2502872.pdf

[vi] National Planning Commission. 2017. Sustainable Development Goals-Status and Roadmap: 216-2030. Available at https://www.npc.gov.np/images/category/1__SDG_Report_final_version.pdf

[vii] Different general and sectoral policies, programs, periodic plans, institutional arrangement and climate change frameworks devised to mainstream climate change in the development planning framework of the country suggest climate change as a matter of public policy of Nepal

[viii] See also National Planning Commission. 2017. Sustainable Development Goals, Status and Roadmap: 2016-2030. Available at https://www.npc.gov.np/images/category/1__SDG_Report_final_version.pdf

[ix] ICIMOD, CICERO, et.al. 2014. Women's Empowerment at the Frontline of Adaptation: Emergine Issues, adaptive Practices and Priorities in Nepal. Available at http://lib.icimod.org/record/29811/files/WE_14.pdf

[x] Bhattarai,B, Beilin,R and Ford,R. 2015. Gender, Agro-biodiversity, and Climate Change. A Study of Adaptation Practices in the Nepal Himalayas. World Development Vol. 70, pp. 122–132. See also ICIMOD. 2011. Gender Experiences and Responses to Climate Change in the Himalayas. Available at http://lib.icimod.org/record/27008/files/attachment_781.pdf

[xi] Ministry of Environment, 2010. National Adaptation Programme of Action. Available at http://www.adaptation-undp.org/sites/default/files/downloads/nepal_napa.pdf

[xii] UNDP &GGCa. 2013.Gender and Disaster Risk Reduction. Available at http://www.undp.org/content/dam/undp/library/gender/Gender%20and%20Environment/PB3-AP-Gender-and-disaster-risk-reduction.pdf

[xiii] Houria,D et.al. 2016.Beyond Dichotomies: Gender and Intersecting Inequalities in Climate Change Studies." Ambio 2016, 45(Suppl.3): S248-S262. Available at https://link.springer.com/article/10.1007/s13280-016-0825-2

[xiv] Cite literature as women as vulnerable and agent of change

[xv] Arora,S-Jonsson. 2011. Virtue and Vulnerability: Discourses on Women, Gender and Climate Change. Global Environmental Change 21 (2011) 744-751

[xvi] Tschakert,P. 2012. From Impacts to Embodied Experiences: Tracing Political Ecology in Climate Change Research. GeografiskTidkrift-Danish Journal of Geography, 112:2,144-158. Available at http://dx.doi.org/10.1080/00167223.2012.741889 and HouriaDjoudi et.al. 2016.Beyond Dichotomies: Gender and Intersecting Inequalities in Climate Change Studies." Ambio 2016, 45(Suppl.3): S248-S262. Available at https://link.springer.com/article/10.1007/s13280-016-0825-2

[xvii] OECD-DAC Network on Gender Equality (Gendernet).2016. Available at: http://www.oecd.org/dac/gender-development/Making%20Climate%20Finance%20Work%20for%20Women%20-%20Copy.pdf

[xviii] MOWCSW.2014. National Review on the Implementation of the Beijing Declaration and Platform for Action (1995) and the Outcomes of the Twenty-Third Special Session of the General Assembly (2000). GoN. Available at :http://www.unescapsdd.org/files/documents/Beijing20_national_review_Nepal.pdf

[xix] Burns.B. 2017. Pocket Guide to Gender Equality Under the UNFCCC.ecbi. Available at http://wedo.org/wp-content/uploads/2017/11/Final-Gender.pdf

[xx] Huyer,S.2016. Gender Equality in National Climate Action: Planning for Gender Responsive National Determined Contributions. UNDP. Available http://www.undp.org/content/dam/LECB/docs/pubs-reports/undp-Gender-Responsive-Equality-National-Climate-Action-20161114.pdf

[xxi] WEDO.2016. Research Paper- Gender & Climate Change Analysis of Intended Nationally Determined Contribution (INDCs). Available at https://www.researchgate.net/publication/280007263_Gender_Considerations_in_Climate_Change_Policy_and_Adaptation_Frameworks_in_Nepal

[xxii] GCF.21 March 2017. Report on the Status of the Staffing of the Secretariat. Available at https://www.greenclimate.fund/documents/20182/584114/GCF_B.16_11_-_Report_on_the_status_of_the_staffing_of_the_Secretariat.pdf/5d1eaa3b-84cd-4e28-bd41-6254e4344fa4

[xxiii] GCF. 2017. Green Climate Fund's Gender Equality and Social Inclusion Policy and Action Plan 2018–2020 (Consultation Copy).Available at https://www.greenclimate.fund/documents/20182/24913/DCP_27-10-2017_-_Draft_Gender_Equality_and_Social_Inclusion_Policy.pdf/4a6c90dc-e263-4b94-adf7-aa3a88c03eb2

[xxiv] Huyer.S.2016. Gender and International Climate Policy:An Analysis of Porgress in Gender Equality at COP21.CGIAR. Available at(http://www.cifor.org/publications/pdf_files/infobrief/6541-infobrief.pdf

[xxv] Article 18 (1), (4) (5); 38(4)(5)(6). Constitution of Nepal, 2015. Available at http://www.lawcommission.gov.np/en/documents/2016/01/constitution-of-nepal-2.pdf

[xxvi] Ministry of Women, Children and Social Welfare.2014. National Review on the Implementation of the Beijing Decalaration and Platform for Action (1995) and the Outcomes of the Twenty-Third Special Session of the General Assembly. Available at https://sustainabledevelopment.un.org/content/documents/13142Nepal_review_Beijing20.pdf

[xxvii] Ministry of Environment. 2011. Climate Change Policy, 2011. Available at http://www.climatenepal.org.np/main/?p=research&sp=onlinelibrary&opt=detail&id=419

[xxviii] The international policy architecture from GCF to other many

[xxix] MoE.2010.National Adaptation Programme of Action (NAPA) to Climate Change. Ministry of Environment.

[xxx] MoPE.2017.Synthesis of the Stocktaking Report for the National Adaptation Plan (NAP) Formulation Process in Nepal.Ministry of Population and Environment


## नोट


यो सक्षिप्त पत्र बोथ एन्डस नामक संस्थाको आर्थिक सहयोगमा Strengthening CSO Engagement in Nepal's Climate Finance Debate परियोजनाद्धारा तयार गरिएको हो । यस प्रकाशनका कुनै पनि अंश प्रकृति रिर्सोसेस् सेन्टर प्रति साभार विद्युतीय, यान्त्रिक, प्रतिलिपि, रेकर्ड वा अन्य कुनै माध्यमा उद्धित प्रयोग गर्न पाइनेछ ।

यो नेपाली जलवायु परिवर्तन र लैंगिक मुद्दा : राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भको अवलोकन संक्षिप्त पत्र अंग्रेजीमा तयार गरिएको Gender and Climate Change: An Overview of National and International Context लाई अनुवाद गरिएको हो । अंग्रेजी संक्षिप्त पत्र सारिका राई र जोनी मैनालीद्धारा लेखिएको हो ।



Prakriti Resources Centre

**प्रकृति रिर्सोसेस सेन्टर**
१०७/२२ अरुणा लामा मार्ग,
गणेश बस्ती, नारायण गोपाल चोक
काठमाडौं, नेपाल
**फोन:**+९७७–१–४४२८६०२
**ईमेल:** info@prc.org.np
**वेब:** www.prc.org.np